Website: besishaharmun.gov.np
Email: info@besishaharmun.gov.np
eo@besishaharmun.gov.np

# वेसीशहर नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
## .....शाखा

बेसीशहर, लमजुङ
गण्डकी प्रदेश, नेपाल

फ्याक्स न. ०६६-५२०२०४
फोन न. ०६६-५२०१५०

प.सं. ०७५/७६
च.नं. १५५६

मिति: २०७६/०९/१८

**विषय : शिक्षकहरुको कार्य सम्पादन मूल्याङ्कन सम्बन्धमा ।**

श्री सम्पूर्ण सामुदायिक विद्यालयहरु,
बेसीशहर नगरपालिका ,लमजुङ

प्रस्तुत विषयमा संघिय मामिला तथा सामान्य प्रशासन मन्त्रालय सिंहदरबार काठमाण्डौ को च.नं. १३६ मिति २०७६/०७ /१८ को पत्र तथा शिक्षा बिज्ञान तथा प्रविधि मन्त्रालय सिंहदरबार काठमाण्डौले संघिय मामिला तथा सामान्य प्रशासन मन्त्रालयलाई मिति २०७६/०७/०५ गते पठाएको च. नं. १६२ को पत्रबमोजिम शिक्षकहरुको कार्य सम्पादन मूल्याङ्कन गर्ने सम्बन्धमा शिक्षक सेवा आयोगबाट भएका निर्णय अनुसार विद्यालयमा नियमानुसार दर्ता भएका शैक्षिक सत्र २०७४ र २०७५ का का. स. मू. तपसिलअनुसारले मूल्याङ्कनगरि मिति २०७६/१०/२० गतेभित्र यस नगरपालिकाको शिक्षा शाखामा पेश गर्नहुन अनुरोध छ ।

**तपसिल**

१ निर्धारित समयभित्र विद्यालयमा दर्ता भएको कार्य सम्पादन मूल्याङ्कन फारामको मूल्याङ्कन प्रधानाध्यापक सुपरिबेक्षक हुने भएमा प्रधानाध्यापकले मूल्याङ्कन गरी नगरपालिकाको शिक्षा शाखामा पेश गर्नुपर्नेछ ।

२ शिक्षक तथा प्रधानाध्यापकको सुपरिवेक्षक र पुनरावलोकन समिति निम्न बमोजिम हुनेछ ।

| पद | सुपरिवेक्षक | पुनरावलोकन समिति |
|---|---|---|
| शिक्षक | प्रधानाध्यापक | ➢ सम्बन्धित स्थानीय तहको शिक्षा हेर्ने प्रमुख - सदस्य<br>➢ सम्बन्धित जिल्लाको शिक्षा विकास तथा समन्वय एकाइ प्रमुख- सदस्य<br>➢ सम्बन्धित विद्यालयको प्रधानाध्यापक - सदस्य |
| प्रधानाध्यापक,प्रधानाध्यापकसँग समान श्रेणीको शिक्षक र प्रधानाध्यापक भन्दा माथिल्लो श्रेणीको शिक्षक | सम्बन्धित स्थानीय तहको शिक्षा हेर्ने प्रमुख | ➢ सम्बन्धित स्थानीय तहको शिक्षा हेर्ने प्रमुख - सदस्य<br>➢ सम्बन्धित जिल्लाको शिक्षा विकास तथा समन्वय एकाइ प्रमुख- सदस्य<br>➢ विद्यालय व्यवस्थापन समितिको अध्यक्ष -सदस्य |

३ शैक्षिक सत्र २०७४ र २०७५ को कार्यसम्पादन मूल्याङ्कन गर्दा शिक्षक सेवा आयोग नवौ संसोधन नियमावलि अनुसार नै सुपरिवेक्षकले अधिकतम ८ अङ्क र पुनरावलोकन समितिले अधिकतम २ अङ्क दिने ।

२०७६।०९।१८
किसान राज चिलुवाल
उप-सचिव